# ईन्द्रावती राजपत्र

## कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

## कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः ईन्द्रावती गाउँ**पालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने गाउँपालिकावासीहरु मध्ये कडा रोगले ग्रस्त भई अपचाररत भएको अवस्थामा निजहरुलाई राहत स्वरुप स्वास्थ्य उपचार अनुदान दिन वाञ्छनिय भएको हुँदा सो प्रयोजनार्थ यो निर्देशिका वनाई लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र परिभाषाः**

१.१ संक्षिप्त नामः यो निर्देशिकाकोको नाम **कडा रोग लागेका गाउँपालिकावासीहरु लाई अनुदान दिने सम्वन्धी निर्देशिका, २०७७"** रहेको छ ।

१.२ कडा रोग भन्नाले क्यान्सर रोग लागेर किमो वा रेडियो थेरापी गराई रहेको अवस्था, मुटु सम्वन्धी रोग लागेर एनजिओप्लाष्टी गर्ने देखि मुटु सम्वन्धी अपरेशन गर्नु पर्ने अवस्था, मृगौला सम्वन्धी रोग लागी मृगौला फेर्न अपरेशन गर्नु पर्ने अवस्था वा मृगौला फेल भई डायलाईसिस गराई रहेको अवस्था र मष्तिष्कघात रोग, स्पाईनल ईन्जिुरी, हेड इ्न्जुरी तथा सिकलेस एनिमिया, पार्किन्सन्स, अल्जाईमर्स सम्वन्धी रोग भन्ने सम्झनु पर्नेछ ।

**यो ऐन गाउँ सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।**

१.३ अनुदान भन्नाले ईन्द्रावती गाउँपालिकाले कडा रोग लागेका विरामीहरुलाई दिईने आर्थिक सहयोगलाई जनाउँदछ ।

१.४ अनुदानग्राही भन्नाले ईन्द्रावती गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने कडा रोग लागेका गाउँपालिकावासीलाई सम्झनु पर्दछ ।

१.५ निर्देशिका भन्नाले ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्दछ ।

१.६ डायलाईसिस भन्नाले मृगौला रोग लागेका विरामीलाई अस्पतालवाट प्रदान गरिने हेमो डाईलाईसिस र पेरिटोनियल डाईलाईसिस उपचार सेवालाई बुझ्नु पर्दछ ।

१.७ आर्थिक प्रशासन शाखा भन्नाले ईन्द्रावती गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

२. कडा रोग लागेका गाउँपालिकावासीहरुलाई स्व्रस्थ्य उपचार अनुदान दिने सम्वन्धी व्यवस्थाः

२.१ यस निर्देशिकाको दफा १.४ अनुसारका अनुदानग्राहीहरुलाई एक रोगको लागि एक पटक मात्र रु १५०००। (अक्षेरेपिः पन्त्रहजार रुपैयाँ मात्र) स्वास्थ्य उपचार अनुदान देहाय बमोजिम उपलव्ध गराईनेछ ।

क. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकाकवाट स्वास्थ्य उवपचार अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ख. कडा रोग लागेका अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकावाट स्वास्थ्य उपचार अनुदान प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

ग. दफा २.१.ख. बमोजिमको कागजातहरु पुरा भएको अवस्थामा गाउँपालिका अध्यक्षवाट स्वास्थ्य उपचार अनुदानको लागि कार्यालयलाई तोक आदेश हुनेछ ।

घ. दफा २.१.ग. बमोजिमको कागजातहरु गाउँपालिका अध्यक्ष समक्ष पेश भए पछि स्वास्थ्य शाखावाट अनुदानको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

ङ. दफा २.ज्ञ.३ बमोजिम उपलब्ध गराईएको अनुदान रकम ईन्द्रावती गाउँ कार्यपालिका बैठकवाट अनुमोदन गराईनेछ ।

**अनुसूची -१**
**स्वास्थ्य उपचार अनुदान माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन**

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्वती गाउँपालिका वडा नं........ बस्ने म निवेदक/मेरो......................................................लाई कडा रोग...............................लागि हाल.....................................अस्पतालमा उपचार गराई रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलब्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन ईन्द्रावती गाउँपालिकाको नाममा सिफारिस पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**
क) विरामीको नागरिकता प्रमाण पत्र/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ।
ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ग) अस्पताल भर्ना भई उपचार गराई रहेको कागज वा सम्वन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजातको प्रतिलिपि ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

**अनुसूची -१**

**स्वास्थ्य उपचार अनुदान माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन**

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः स्वास्थ्य उपचार अनुदान पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गाउँपालिका वडा नं........ बस्ने म निवेदक/मेरो...................................................लाई कडा रोग...............................लागि हाल.....................................अस्पतालमा उपचार गराई रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको कडा रोग लागेका गाउँपालिकावासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलब्ध हुने स्वास्थ्य उपचार अनुदान पाउन सम्वन्धित वडा कार्यालयको सिफारिस सहित यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**

क) विरामीको नागरिकता प्रमाण पत्र/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ।

ख) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ग) अस्पताल भर्ना भई उपचार गराई रहेको कागज वा सम्वन्धित अस्पतालले रोग प्रमाणित गरेको कागज वा कडा रोग लागेको अन्य कुनै कागजातको प्रतिलिपि ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**

# ईन्द्रावती राजपत्र

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७७

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

## स्थानीय सरकार

# इन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**नवलपुर, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

# कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७७

## गाउँपालिकाबाट स्वीकृत मिति: २०७७७२३

**प्रस्तावना:** स्थानीय तहमा कृषि व्यवसाय प्रवद्धनको लागि उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७६ को दफा १०२ को उपदफा (१) ईन्द्रावती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी ईन्द्रावती गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "ईन्द्रावती गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि, पशु तथा उद्योग व्यवसाय उत्पादन, प्रशोधन, मुल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद अनुदान सहुलियत सम्झनु पर्छ । साझेदार निकायबाट हुने कृषि सहुलियतलाई पनि बुझाउनेछ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि, पशु उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ ।

(ग) "कृषि व्यवसाय" भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मुल्य अभिबृद्धि एवं औद्योगिकरण गर्नेलाई समेत बुझिन्छ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिका वा साझेदार निकाय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले गाउँपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

(च) "बैङ्क" भन्नाले गाउँपालिकाबाट तोकिएको बैङ्क सम्झनु पर्छ ।

(छ) "छनौट समिति" भन्नाले दफा १८ बमोजिमको छनौट समिति सम्झनु पर्छ ।

३. **अनुदान उपलब्ध गराउन सक्ने:** ऐन को दफा ८ गाउँपालिकाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

४. **अनुदानको सुचना र अनुदानग्राहीको छनौट:** (१) अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यस कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ । उक्त आवेदन सम्बन्धी सूचनाको आब्हान गाउँपालिकाले तोकेको समय सीमा भित्रमा गरिसक्नु पर्नेछ । तर आ.व. २०७७०७८ को हकमा पुष मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानविन गरी छनौटको लागि सम्बन्धित कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ । छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

५. **अनुदान रकमको सीमाः** (१) गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम कुल लागतको पच्चहत्तर प्रतिशत भन्दा बढी हुने छैन ।

(२) परियोजना लागत साना परियोजनाहरुमा समेत अनुदानको सिमा पचहत्तर प्रतिशत भन्दा बढी हुने छैन । त्यस्ता अनुदानग्राहीहरु बैंक मार्फत कारोबार गर्न बाध्य हुने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यक्रम तथा कृयाकलापको हकमा यो कार्यविधि लागु हुने छैन :-

(क) प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकिएको लक्षित समुहका लागि गाउँपालिका आफैले वा गैर सरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सभ्झौता भई कार्यान्वयनमा रहेको परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ ।

६. **अनुदान रकमको निर्धारणः** कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

७. **अनुदानग्राही सम्झौता गर्नु पर्नेः** (१) एनेको दफा (२८) बमोजिम दर्ता भएको कृषि व्यवसायिक संघ, सस्था सहकारी, फर्महरु कृषि अनुदान तथा व्याज अनुदानको लाभग्राहीको रुपमा रहनेछ। कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ र सोको जानकारी सम्बन्धित बैंकलाई समेत दिनु पर्नेछ । उपदफा (१) बमोजिमका व्यवसायीहरुबाट व्यवसायको क्षेत्र लगानी वापरको आधारमा अनुदान रकम र अनुदानग्राहीको प्राथमिकता निर्धारण गरीनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्तावित रकम लगानी गर्न प्रस्तावित रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको वा हुने निश्चित भएको बैंकको प्रतिबद्धतापत्र र यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्न मञ्जुरी भएको बैंकको पत्र समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैंकको शाखा कार्यालय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

८. **अनुदान भुक्तानी बैंकमार्फत हुनेः** (१) गाउँपालिकाले छनौट गरेको बैंकसँग सम्झौता गरी यस कार्यविधि बमोजिमको अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनेछ। दफा १८ को समिति निर्धारण गरिए बमोजिम निश्चित रकम सम्म सोझै भुक्तानी गर्न सकिनेछ ।

(२) कार्यालयले छनौट गरेको अनुदानग्राहीले बैंक मार्फत अनुदान प्राप्तिको लागि आफूलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) अनुदानग्राहीको खाता रहेको बैंकमा अनुदान रकम जम्मा गरिनेछ ।

९. **बैंकमार्फत अनुदान भुक्तानी प्रक्रियाः** (१) बैंक मार्फत अनुदानग्राहीलाई देहाय बमोजिमको अनुदान भुक्तानी गर्नेछ ।

(क) अनुदानग्राहीको प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान,

(२) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनु अघि सम्झौता भइसकेको परियोजनाको हकमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

१०. **बीमा गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको कृषि व्यवसायको बीमा गर्नु पर्नेछ ।

११. **विवरण प्रकाशन गर्नु पर्नेः** अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने अनुदाग्राहीसँग भएको सम्झौताको विवरण कार्यालयको वेबसाइटमा नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

१२. **असुल उपर गर्नु पर्नेः** कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

१३. **संघीय सरकार वा प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमः** संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन ।

१४. **सम्झौता बमोजिम सञ्चालन हुनेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदार निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलाप सञ्चालन गर्दा सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन गरिनेछ ।

१५. **अनुदानग्राहीले कृषि कर्जा प्राप्त गर्न सक्नेः** अनुदानग्राहीले चाहेमा आफूले स्वःलगानी गर्नु पर्ने रकम अनुदानको स्वीकृती हुनुपूर्व बैंकको प्रचलित नियम बमोजिम कृषि कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछन् ।

१६. **व्याजमा अनुदानः** (१) गाउँपालिका भित्र व्यवसायिक रुपमा कृषि, पशु जन्य उप्पादन तथा सोही क्षेत्रमा मुल्य अभिबृद्धि हुने गरी उद्यमशिलता विकासका लागि प्रति व्यवसायीको रु. १५ लाख सम्मको कर्जामा लाग्ने व्याजमा गाउँपालिकाले ५०%अनुदान व्यहोर्ने छ ।

क) कृषि व्यवसाय उपलब्ध गराइने सुलभ व्यजदरको लागि गाउँपालिका कार्यक्षत्र भएका बैंकहरुसँग कर्जाको दररेट माग गरिने छ ।

(२) ब्याज अनुदान उपलब्ध गराउदा व्यवसायको उद्देश्य लागत स्पष्ट खुल्ने गरी कृषि क्षेत्रमा प्रचलित दरको लाग्ने ब्याजदरबाट हुन आउने बैंकले १ आर्थिक बर्षको लागि निर्धारण गरेको ब्याजको ५०% हुनेछ ।

(३) व्यवसायी उद्यमीलाई १५ लाख भन्दा माथि व्यवसायमा लगानी गर्न वाधा पर्ने छैन । ब्याज अनुदानको लागि अधिकतम १५ लाख सम्मको गणना गरिनेछ ।

(४) अनुसूची १ बमोजिम व्यवसायिक कृयाकलाप सञ्चालन गर्न ब्याजमा तोकिएको अनुदान दिन सकिनेछ ।

(५) ब्याजमा अनुदान दिइने कृषि प्रवर्द्धन व्यवसायको ऐनको दफा (३३) बमोजिम बिमा गरिएको हुनेछ ।

**१७. <u>कृषिमा यान्त्रिकरणमा अनुदानः</u>** (१) गाउँपालिकामा दर्ता भएका कृषि व्यवसायी, फर्म, सहकारी समुहबाट माग भए बमोजिम गाउँपलिका तथा अन्य साझेदार निकायको लागत सहभागितामा मिनि टिलर, ट्र्याक्टर, आधुनिक कृषि यान्त्रिकरण उपकरण तथा औजारहरुमा अधिकतम ७५% सम्म लागत सहभागिता बयहोर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम बाँकी २५% व्यवसायीको लागत अग्रिम रुपमा गाउँपालिकाको सम्बन्धित कोष खातामा जम्मा गर्नुपर्नेछ ।

(३) उल्लेखित अनुदान कार्यक्रम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सीमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरी संचालन गरिनेछ ।

**१८. समूहमा यूवा लक्षित कृषि व्यवसाययीकरणमा अनुदानः** (१) गाउँपालिका भित्र दर्ता भएका कृषि समूह व्यवसायी फर्म सहकारी बाट माग भएबमोजिम अधिकतम रु ५ लाख लागको व्यवसायको ५० % सम्म गाउँपालिका बाट अनुदान व्यहोर्ने सकिनेछ ।

(२) उपदफा १ बमोजिम बाकी ५०% वा सो भन्दा बढी लागत उल्लेखित समूह, व्यवसायी, फर्म सहकारी बाट व्यहोर्ने सूनिश्चिततता भएको हुनपर्ने ।

(३) उल्लेखित अनुदान कार्यक्रम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सीमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरी संचालन गरिनेछ ।

(४) कार्यसम्पादन प्रतिवेदन पश्चात अनुदान रकम सम्बन्धित व्यवसायी लाई बैंक मार्फत उपलब्ध गराइनेछ ।

**१९. <u>गाउँपालिका स्तरमा अनुदानग्राही छनौट समितिः</u>** (१) गाउँपालिका स्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछ ।

(क) उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) विषयगत समिति संयोजक -सदस्य

(घ) सम्बन्धित शाखाको प्रमुख -सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ सदस्य समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) छनौट समितिले अनुसुची ४ को ढाचाँमा मुल्याङ्कनको आधार निर्माण गरी मुल्याङ्कन गर्नेछ ।

(४) लक्षित कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सहभागीहरुलाई तालिम, प्रशिक्षण सचेतनामुलक कार्यक्रम सम्पन्न भए पश्चात सम्बन्धित वडा समिति वा दफा १८ को छनौट समितिको सिफारिसमा दफा १७ बमोजिम अनुदान सामाग्री लक्षित बर्गलाई उपलब्ध गराउन सकिनेछ ।

२०. **पशु विमा कार्यक्रम :** (१) दिगो कृषि विकासको सुनिश्चीतता गर्ने गाउँपालिका अन्तर्गतका साना तथा ठूला पशुहरुको लगत लिई बिमा गर्ने प्रोत्साहित गरिनेछ ।

(२) नेपाल सरकारको बिमा ऐन २०४९ बमोजिम कारोवार गर्ने ईजाजत प्राप्त संस्था मार्फत व्यवसाययीले गर्ने पशुधनको विमाको २५% विमाशुल्कको हुन आउने रकमको ५०% सम्म लागत गाउँपालिकाले अनुदानको रुपमा व्यहोर्ने छ ।

(३) गाउँपालिका भित्र पशुधन बिमा गर्न ईच्छुक बिमा संस्थाहरु सँग प्रस्ताव माग गरी अनुकलन सेवा प्रदायक संग सम्झैता गरी पशुधन बिमा सन्चालन गरिनेछ ।

(४) बिमा समितिले बिमाशुल्क अनुदानको व्यवस्थापकीय हुन आउने कृषकले तिर्ने बिमा शुल्क २५ प्रतिशतको हुन आउने रकमको बाकी ५०% रकम सम्बन्धित कृषक व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

२१. **अनुगमन तथा मुल्याङ्कनः** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको दफा १८ बमोजिमको समितिबाट नै अनुगमन तथा मुल्याङ्कन आवश्यकता अनुसार गाउँपालिकाबाट हुनेछ ।

२२. **प्रतिवेदनः** (१) सम्पादन गरेका कार्यको कृषि तथा पशु इकाईबाट प्रगति प्रतिवेदन अनुसुची-२ र ३ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

२३. **विवरण प्रकाशन गर्नु पर्नेः** कार्यालयले अनुदानग्राहीको नाम सहितको विवरण आफ्नो वबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

२४. **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले १५ दिनभित्र निरुपण गर्नु पर्नेछ ।

२५. **लागत सहभागिता अनुदानः** यस गाउँपालिकाले संघ, प्रदेश तथा साझेदार निकाय सँग साझेदारीमा कोल्ड स्टोर, बहुउद्देश्शीय भवन, हाट बजार, कृषि संकलन केन्द्र आदि निर्माण सञ्चालन र व्यवस्थापनमा लागत साझेदारी जनाउन सक्नेछ ।

२६. **सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धित सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ ।

२७. **दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

२८. **अनुदानग्राही जिम्मेवार हुनेः** (१) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

(२) अनुदानबाट प्राप्त कृषि यान्त्रीकरण सामाग्री बस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ । सामुहिक उपयोग हुन सक्ने सामाग्री तथा बस्तुभाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकि हानी भएको लागेमा अनुदानको लागत रकम अनदानग्राहीबाट असुल उपर गर्न बाधा पर्ने छैन ।

२९. **अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः** कुनै कारणवश प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

३०. **अनुदान कार्यक्रमको सूची सार्वजनिक सम्बन्धीः** वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्ने अनुदानका कार्यक्रमको सूची अनुसुची-१ बमोजिम गाउँपालिकाले सार्वजनिक गर्नुपर्ने छ ।

३१. **खारेजी वा संशोधनः** यो कार्यविधि स्वीकृत गाउँ कार्यपालिकाको निर्णयानुसार खारेजी वा संशोधन हुनेछ ।

३२. **विविधः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

## अनुदान रकम उपलब्ध हुने कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | कृषि पर्यटन प्रवर्धन कार्यक्रम |
| २ | प्रोटेक्टेड हर्टिकल्चर प्रबर्धन तथा प्रविधि विस्तार कार्यक्रम |
| ३ | चियाखेती प्रबर्धन तथा आधुनिकिकरण कार्यक्रम |
| ४ | शित भण्डार घर निर्माण कार्यक्रम |
| ५ | एग्रीमार्ट स्थापना कार्यक्रम |
| ६ | एक हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेति विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम |
| ७ | वगर खेति कार्यक्रम |
| ८ | स्क्रिन हाउस निर्माण कार्यक्रम |
| ९ | सुन्तलाजात वगैंचा व्यवस्थापन एवं सुदृसढकरण कार्यक्रम |
| १० | व्यवसायिक फलफुल वगैंचा स्थापना सहयोग कार्यक्रम |
| ११ | नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रम |
| १२ | आलु भण्डारको लागी रष्टिक स्टोर निर्माण कार्यक्रम |
| १३ | खेर गएका सार्वजनिक जग्गामा फलफुल खेती प्रवर्धन कार्यक्रम |
| १४ | कागती खेती प्रर्वधन कार्यक्रम |
| १५ | किवी खेती प्रर्वधन कार्यक्रम |
| १६ | कफि खेती विस्तार कार्यक्रम |
| १७ | व्यवसायिक बीज वृध्दि प्रवर्धन तथा बीउ विजन खात्मनिर्भर कार्यक्रम |
| १८ | सामुदायिक कृषि यान्त्रिकरण सेृवा केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रम |
| १९ | कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम |
| २० | नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम |
| २१ | सघन बाली बिकास कार्यक्रम |
| २२ | उन्नत वीउ वीजन तथा उत्पालन सामग्रिमा सहयोग कार्यक्रम |
| २३ | चैते धान विशेष सहयोग कार्यक्रम |
| २४ | कमर्सियल एग्रीकल्चर एलायन्स (सि.ए.ए.) मार्फत संचालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम |
| २५ | स्रोत केन्द्र (च्याउ र मौरी) विकास कार्यक्रम |
| २६ | चक्लाबन्दि खेती प्रबर्धन कार्यक्रम |
| २७ | अभियानमुखी अदुवा उत्पादन प्रवर्धन कार्यक्रम |
| २८ | परिक्षण मिनिल्याव स्थापना तथा सुदृढिकरण कार्यक्रम |

| क.सं. | कार्यक्रम |
|---|---|
| २९ | अलैंचि खेती कार्यक्रम |
| ३० | कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम |
| ३१ | बंगुर तथा बाखाको दाना उद्योग स्थापना कार्यक्रम |
| ३२ | मिल्किङ्ग मेसिन वितरण कार्यक्रम |
| ३३ | खसिबोका संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम |
| ३४ | मिटमार्ट स्थापना कार्यक्रम |
| ३५ | मासु चिस्यान घर स्थापना कार्यक्रम |
| ३६ | पशुजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण  कार्यक्रम |
| ३७ | पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम |
| ३८ | पशु बधस्थल निर्माण तथा सुधार कार्यक्रम |
| ३९ | साईलेज प्रविधिमा अनुदान सहयोग कार्यक्रम |
| ४० | साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम |
| ४१ | पशुपन्छि तथा पशुपन्छि जन्य पदार्थ ढुवानि साधन खरिद कार्यक्रम |
| ४२ | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम |
| ४३ | नर्सरी पोखरी निमार्ण कार्यक्रम |
| ४४ | मत्स्य उत्पादन कार्यक्रम |
| ४५ | मत्स्य यान्त्रिकरण कार्यक्रम |
| ४६ | पशु हाटबजार निर्माण /सुधार कार्यक्रम |
| ४७ | बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम |
| ४८ | मिल्क एनालाईजर वितरण कार्यक्रम |
| ४९ | व्यवसायिक बंगुर फार्म खोर निर्माण /सुधार जैविक सुरक्षा कार्यक्रम |
| ५० | व्यवसायिक गाईभैसी फार्महरुलाई गोठ निमार्ण / सुदृढिकरण  तथा जैविक सुरक्षा कार्यक्रम |
| ५१ | व्यवसायिक बाखा  फार्महरुलाई खोर निर्माण /सुधार जैविक सुरक्षा कार्यक्रम |
| ५२ | अण्डा गत्पादन गर्ने व्यवुसायिक कुखुरा फर्महरुलाई खोर निर्माण /सुधार जैविक सुरक्षा कार्यक्रम |
| ५३ | मोटर सहितको च्याफटर मेसिन वितरण |
| ५४ | मासु पसल निर्माण/सुधार |
| ५५ | डेरी पसल निर्माण/सुधार |
| ५६ | व्यवसायिक बाखा  फार्महरुलाई डिपिङ्ग ट्याङ्क निर्माण कार्यक्रम |
| ५७ | सामुदायिक वन तथा खेर गएको जग्गामा घाँसखेती विकास कायक्रम |
| ५८ | उन्नत घाँस खेतीको आधारमा अनुदान कायक्रम |
| ५९ | साइलेज हाँस प्रयोजनको लागी मकै घाँस खेतिमा अनुदान कार्यक्रम |
| ६० | व्यवसायिक बंगुर प्रवर्धन प्रादेशिक अभियान कार्यक्रम |

| क.सं. | कार्यक्रम |
|---|---|
| ६१ | हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बाजारिकरण प्रबर्धन कार्यक्रम |
| ६२ | मासु बजार व्यवस्थापन कार्यक्रम |
| ६३ | मिल्किङ्ग पार्लर स्थापना तथा संचालन कार्यक्रम |
| ६४ | टि.एम.आर. मेसिन अनुदान वितरण कार्यक्रम |
| ६५ | गाई/भैसी श्रोत केन्द्र विकास कार्यक्रम |
| ६६ | चिलिङ्ग भ्याट स्थापना कार्यक्रम |
| ६७ | ग्रामिण कुखुराको ह्याचरी स्थापना कार्यक्रम |
| ६८ | अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षाको लागी ग्रामिण कुखुरा प्रबर्धन कार्यक्रम |
| ६९ | उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम |
| ७० | मकै उत्पादकत्व अभिवृध्दि कार्यक्रम |
| ७१ | रैथाने बाली उत्पादन प्रबर्धन कार्यक्रम |
| ७२ | विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम |
| ७३ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग |
| ७४ | हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम |
| ७५ | युवा लक्षित कृषि विकास कार्यक्रम |
| ७६ | प्राङ्गारिकि मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट |
| ७७ | प्राङ्गारिकि कृषि प्रबर्धन अभियान कार्यक्रम |
| ७८ | महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम |
| ७९ | नमुना व्यवसायिक पशुपालन फर्म कार्यक्रम |
| ८० | हुलाकी मार्ग लक्षित बाखा पालन कार्यक्रम |
| ८१ | युवा लक्षित पशुविकास कार्यक्रम |
| ८२ | साझेदारिमा कृषि तथा पशुपन्छि पुर्वाधार विकास कार्यक्रम |
| ८३ | सक्रिय कृषि/पशु सहकारी संस्था समिति र अन्य संस्थाहरु संग सहकार्यमा व्यवसायिक पशुपालन |
| ८४ | बाखाको बृहत्तर पकेट कार्यक्रम |
| ८५ | कार्यपालिका बाट निर्णय भए बमोजिम कृषि व्यवसाय प्रबर्धन कार्यक्रम |
| ८६ | स्थानीय प्रजातिका पन्छी पालन कार्यक्रम |
| ८७ | गाई, भैसी, बाखा पालन आदि कार्यक्रम |
| ८८ | घरेलु उद्यम व्यवसाय गलैचा, आतेऔजार, ढाका, मूल्य अभिविद्धि सम्बन्धी उद्योग |

अनुसुची-२

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

**मासिक प्रगती प्रतिवेदनको ढाँचा**

आर्थिक बर्ष :                         महिना :

| क्र.सं. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | वडा | कार्यालयबाट निकासा रकम रु. | | अनुदानग्राहिलाई भुक्तान भएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | यस महिनाको | हालसम्मको | यस महिनाका | हालसम्मको | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची-३

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

## कार्यालयले पेश गर्ने चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन ढाँचा

आर्थिक बर्ष :

| क्र.सं. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | वडा | अनुदानग्राहिको नाम | अनुदानग्राहिको फर्म वा कम्पनिको नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | अनुदानग्राहि लाई भुक्तान भएको रकम रु. | फिर्ता दाखिला भएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसुची-४

(दफा २९ को उपदफा (१) सँग सम्बन्धित)

## कार्यक्रमको नाम : कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम

### आवश्यक योग्यता

(क) आवेदक कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्ने छ ।

(ख) निजी क्षेत्रबाट सञ्चालित कृषि पर्यटन केन्द्रले आवेदन दिदा निजको नेतृत्वमा कम्तिमा १० घरधुरी लाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गर्नुपर्ने छ ।

(ग) होमस्टे सञ्चालन समिति/व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवर्ध्दन समिति/व्यवस्थापन समिति वा कृषि पर्यटन केन्द्र यो कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा कानुनत दर्ता भई कार्यरत नरहेको अवस्थामा सुचना प्रवाह अनुसार पनी दर्ता गरी आवेदन दिन सक्नेछन ।

(घ) आवेदकले लेखापरिक्षण कर चुक्ता एवं नविकरण पुरा नियमित गरेको हुनुपर्नेछ ।

(ङ) होमस्टे सञ्चालन समिति/व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवर्ध्दन समिति/व्यवस्थापन समिति वा कृषि पर्यटन केन्द्रले कृषि पर्यटन प्रवर्ध्दनका लागी उक्त क्षेत्रमा सचिवालयको रुपमा व्यवस्थापकिय युनिटका रुपमा पनी कार्य गर्नु पर्ने छ भने आवद्ध घरधुरिहरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्ध्दनका लागी तिनको परिचालन नियमन अनुगमन तथा समन्वयन गर्नुपर्ने छ ।

(च) आवेदकले निवेदनका साथ आफ्नो निर्माण कार्यको प्राविधिक स्टिमेट, ले आउट पेश गर्नुपर्ने छ ।

(ज) बैंकको कर्जा स्विकृती भएको प्रमाण प्रतिलिपी ।

### स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

| क्र.स. | मुल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **१** | **भौतिक क्षमता** | **३०** | |
| १.१ | आवेदकको पृष्ठभुमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा स्थानीय बाली उत्पादन भए/नभएको | ६ | |
| १.५ | भौतिक उपयुक्तता | ६ | |
| **२** | **प्राविधिक क्षमता** | **१०** | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | ५ | |
| २.२ | आवेदक सम्बन्धित विषयको तालिम/कामको अनुभव प्राप्त छ/छैन | ५ | |
| **३** | **पर्यटक आउने सम्भावना भए/नभएको** | **५** | |
| **४** | **वित्तीय क्षमता** | **३०** | |
| ४.१ | (मौजुदा पुँजी, लक्षित वर्गबाट हुने लगानी सहभागिता, प्रस्तावकको अन्य निकायबाट जुटाउन सक्ने लगानी आदि) | २० | |
| ४.२ | प्रस्तावकले लागत साझेदारीको प्रतिवद्धता अनुसारको संभाव्यता | १० | |

मिति: २०७७    ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
ईन्द्रावती गाउँपालिका,
नवलपुर, सिन्धुपालचोक ।
मार्फत
श्री कृषि बिकास अधिकृत ज्यू,
कृषि बिकास शाखा,
नवलपुर, सिन्धुपालचोक ।

**विषयः कृषि व्यवसायको व्याजमा अनुदान सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७७    ।    गते प्रकाशित सूचना बमोजिम यस कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी/कृषि जल उपभोक्ता समितिले .........................................................कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित बमोजिम कृषि उत्पादन सामाग्री (बिउ, प्रांगारिक मल, कृषि मेशिनरी यन्त्र तथा उपकरण आदी) मागको लागि यो निवेदन पेश गरेको छु ।

| सि.न. | व्यवसायको नाम | अधिकतम पुजि | स्वीकृत ऋण | वार्षिक व्याजदर | कुल व्याजदर वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**संलग्न कागजातहरुः**

१. कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. कर चुक्ता/तथा गत आ.व.को अडिट रिपोर्टको प्रतिलिपि
३. संस्थाको निर्णय प्रतिलिपि
४. वडा कार्यालयको सिफारिस पत्र
५. धनी पुर्जाको प्रतिलिपि
६. नागरिकताको प्रतिलिपि
७. कृषक सदस्यहरुको विवरण फारम
८. बैकबाट स्वीकत कृषि ऋणको कागजात
९. बैकबाट निर्धारित व्याजदरको कागजात

**निवेदक**

दस्तखतः

नामः

पदः

सम्पर्क नं.:

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मितिः २०७७    ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
ईन्द्रावती गाउँपालिका,
नवलपुर, सिन्धुपालचोक ।
मार्फत
श्री कृषि बिकास अधिकृत ज्यू,
कृषि बिकास शाखा,
नवलपुर, सिन्धुपालचोक ।

**विषयः कृषि अनुदान कार्यक्रम सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७७    ।    गते प्रकाशित सूचना बमोजिम यस कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी/कृषि जल उपभोक्ता समितिले ........................................................कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित बमोजिम कृषि उत्पादन सामाग्री (बिउ, प्रांगारिक मल, कृषि मेशिनरी यन्त्र तथा उपकरण आदी) मागको लागि यो निवेदन पेश गरेको छु ।

| सि.न. | कार्यक्रमको नाम | माग गरेको कृषि सामाग्रीको नाम | सामाग्रीको परिणाम | सामाग्रीको स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरुः**

१. कृषि फर्म/कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. कर चुक्ता/तथा गत आ.व.को अडिट रिपोर्टको प्रतिलिपि
३. संस्थाको निर्णय प्रतिलिपि
४. वडा कार्यालयको सिफारिस पत्र
५. धनी पुर्जाको प्रतिलिपि
६. नागरिकताको प्रतिलिपि
७. कृषक सदस्यहरुको विवरण फारम

**निवेदक**

दस्तखतः

नामः

पदः

सम्पर्क नं.:

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मागमा आधारित आयआर्जनको लागि कृषि उत्पादन सामाग्री औजार उपकरण वितरण कार्यक्रम अनुदानको लागि कार्ययोजना

## **क) व्यक्तिगत/कृषि फर्मको प्रयोजनको लागि**

१. कृषक/उद्यमीको नाम, थरः ............................................ नागरिकता प्र.प.नंः ................

जारी जिल्लाः ............................................. जारी मितिः ....................................

२. स्थायी ठेगाना :

जिल्लाः ................................. गा.पा./न.पा................................वडा नं.: .............

टोलः.....................................

३. सम्पर्कः क) मोवाइल नं.: ...................................... फोन नं.: ................................

४. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरणः

| सि.न. | कृषि सामाग्रीको नाम | मोडेल/साइज/नाम | परिमाण | दररेट (रु) | जम्मा रकम (रु) | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरणः

| सि.न. | क्रियाकलापको विवरण | संस्थाको लक्ष्य | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दररेट ( रु) | जम्मा रकम (रु) | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषि फर्म/संस्थाको नामः .................................................... ठेगानाः............................

यस कृषि फर्मलाई माथी उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

निवेदकको नाम, थरः ..........................................

सहिः

मितिः

सम्पर्क नं :

मागमा आधारित आयआर्जनको लागि कृषि उत्पादन सामाग्री औजार उपकरण वितरण कार्यक्रम
अनुदानको लागि कार्ययोजना

**ख) समूहमा युवा लक्षित व्यवसायीकरण अनुदान (संस्थागत/समुहको प्रयोजनको लागि)**

१. अध्यक्षको नाम, थरः ............................................... नागरिकता प्र.प.नंः ...................
जारी जिल्लाः ............................................ जारी मितिः .....................................

२. स्थायी ठेगाना :
जिल्लाः ................................ गा.पा. /न.पा...............................वडा नं.: .............
टोलः....................................

३. संस्थाको नामः...................................................... ठेगानाः ................................

४. सम्पर्कः क) मोवाइल नं.: ...................................... फोन नं.: ................................

५. सदस्य संख्याः क) महिला .................. ख) पुरुष................... ग) जम्मा ...................

६. जात क) आदिवासी जनजातीः........... ख) दलितः.......... ग) अन्यः........... जम्माः..........

७. प्राप्त गर्न चाहने कृषि उत्पादन सामाग्रीहरुको विवरणः

| सि.न. | कृषि सामाग्रीको नाम | मोडेल/साइज/नाम | परिमाण | दररेट (रु) | जम्मा रकम (रु) | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. संस्थाले गर्न चाहेको कृयाकलापहरुको विवरणः

| सि.न. | क्रियाकलापको विवरण | संस्थाको लक्ष्य | | | | कै. |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दररेट (रु) | जम्मा रकम (रु) | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

हामीलाई माथी उल्लेखित विवरण अनुसारको कृषि उत्पादन सामाग्री व्यवसायिक खेती गर्न आवश्यक परेकोले तहाँ कार्यालयबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**निवेदकको नाम, थरः** ..........................................

**सहिः**

**मितिः**

**सम्पर्क नं :**

# ईन्द्रावती राजपत्र

लैङ्गिंक हिंसा निवारण कोष स्थापना र सञ्चालन निर्देशिका २०७६

**कार्यपालिका बैठकबाट स्वीकृत मिति २०७७।०७।२३**

# लैङ्गिंक हिंसा निवारण कोष स्थापना र सञ्चालन निर्देशिका २०७६

**पृष्ठभूमि :**

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्न र समतामुलक समावेशी समाज निर्माणका लागि महिलालाई लैङ्गिंक भेदभाव विना समान बंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरि महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव र हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था र महिला, बालबालिका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक माथि हुने सबै प्रकारका हिंसा, विभेद र गलत अभ्यासबाट बचाई सामाजिक न्याय र समानता कायम गर्नका लागि यो निर्देशिका तयार गरि लागु गरिएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ :** १) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७६" रहेको छ ।

२) यो निर्देशिका ईन्द्रावती गाँउ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरून्त प्रारम्भ हुनेछ ।

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"स्थानीय तह"** भन्नाले ईन्द्रावती गाँउपालिकालाई सम्झनु पर्छ ।

(ख) **"कोष"** भन्नाले नियम ३ बमोजिमको लैंकि हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) **"पीडित"** भन्नाले लैकि हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) **"स्थानीय उद्धार तथा राहत समिति"** भन्नाले नियम ८ बमोजिम गठित उद्धार तथा राहत समिति सम्झनु पर्दछ ।

(ङ) **"लैंकि हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार, सामाजिक कुरीतिजन्य लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

(३) **कोषको स्थापना :** (१)यस गाँउपालिकामा लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाँउपालिकाले हरेक बर्षको बजेटबाट छुट्याएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तराष्टिय संघ संस्था र सरकारबाट प्राप्त रकम,

(ङ)स्वदेशी व्यक्ति तथा संघ संस्थाबाट प्राप्त रकम,

च) अन्य कुनै श्रोतबाट यस कोषमा जम्मा हुने गरि प्राप्त रकम ।

(३)उपनियम (२) बमोजिमको रकम छुट्टै बैंक खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) **कोषमा रकम जम्मा गर्ने :** महिला, बालबालिका, लैकि तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको हक हितको क्षेत्रमा काम गर्ने गाँउपालिका क्षेत्र भित्र काम गर्ने गैर सरकारी संस्थाहरूले बार्षिक रूपमा गाँउपालिकाले तोके बमोजिमको रकम यस कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाइ उपलव्ध गराउने छ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनो विमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बिउ पूजीको रूपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि गाँउ कार्यपालिकाले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लैंकि हिंसाबाट पिडित महिला बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

(७) **रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाँउपालिकाले स्थानिय लैंकि हिंसा निवारण कोषमा आवश्यकता अनुसारको रकम निकासा गर्नेछ ।

(८) **उद्धार तथा राहत समिति गठन :**(१) पीडितलाई तत्काल उद्धार एवं राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक उद्धार तथा राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाँउपालिका अध्यक्ष □ **अध्यक्ष**

(ख) गाँउपालिका उपाध्यक्ष □ **सदस्य**

(ग) महिला बालबालिका समिति संयोजक □ **सदस्य**

(घ) प्रमुख ईलाका प्रहरी कार्यालय □ **सदस्य**

(ङ) लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत पालिका स्थित गैरसरकारी संस्थाहरू मध्येबाट समितिले तोकेको १ जना □ **सदस्य**

(च) महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख □ **सदस्य सचिव**

(२) समितिले आवश्यक ठानेको बढीमा २ जना अन्य विषेशज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) उद्धार तथा राहत समितिको अध्यक्ष र सदस्यको पदावधि ४ बर्षको हुनेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

(९) **राहत समितिको काम कर्तव्य र अधिकार :** राहत समितिको काम कर्तवय र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने।

ग) पालिका स्तरमा लैंकि हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकाय बीचमा समन्वय गर्ने,

घ) लैकि हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**१०) राहत तथा आर्थ्कि सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराईने छ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन दुई सय रूपैया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन दुई सय पचास रूपैयाको दरले बढीमा तीन हजार रूपैया,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन दुई सय रूपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च बापत प्रतिदिन दुई सय पचास रूपैया र उपचार खर्च बढीमा दुई हजार रूपैया,

(ग) कानूनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाच हजार रूपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नका लागि वीउ पुजीको रूपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रूपैया,

ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रूपैया,

च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रूपैंया ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्तको भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई पाँच हजार रूपैयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सकिनेछ ।

**(१४) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस नियमावली बमोजिम राहत तथा अर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**(१५) कोषको लेखा तथा लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(क) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**(१६) आवर्ति रिभल्भीङ कोष**: यो कोष आवर्ति (रिभल्भीङ) कोषको रूपमा रहनेछ ।

**(१७) प्रतिवेदन पेश गर्ने :** (१) उद्धार तथा राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन कार्यपालिका समक्ष पठाउनु पर्नेछ ।

# ईन्द्रावती राजपत्र

**ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७**

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

## ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः ईन्द्रावती गाउँ**पालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने गाउँपालिकावासीहरु मध्ये विपदको कारण स्थायी आवास तथा व्यावसायमा क्षति पुग्न गई पिडित भएकाहरुको लागि तत्कालिन व्यवस्थापन तथा विपद जन्य कारणवाट हुन सक्ने भौतिक क्षति न्यूनिकरणका लागि राहत उपलब्ध गराउन वाञ्छनिय भएको हुँदा सो को प्रयोजनार्थ यो निर्देशिका वनाई लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र परिभाषाः**

१.१ संक्षिप्त नामः यो निर्देशिकाकोको नाम **विपद पिडित ईन्द्रावती गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७"** रहेको छ ।

१.२ विपद भन्नाले आगलागी, भूकम्प, बाढी, पहिरो, जीवजन्तु आतंङ्क, किटजन्य प्रकोपवाट मानविय तथा भौतिक सम्पत्तीको क्षति भएको भन्ने सम्झनु पर्नेछ ।

**यो ऐन गाउँ सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।**

१.३ राहत भन्नाले ईन्द्रावती गाउँपालिकाले विपद पिडितहरुलाई दिईने आर्थिक सहयोगलाई जनाउँदछ ।

१.४ अनुदानग्राही भन्नाले ईन्द्रावती गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने विपद पिडित गाउँपालिकावासीलाई सम्झनु पर्दछ ।

१.५ निर्देशिका भन्नाले ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई तत्कालिन सहयोग तथा भौतिक पूर्वाधारहरुको थप क्षति हुनवाट न्यूनिकरण गर्नका लागि राहत दिने सम्वन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्दछ ।

१.६ आर्थिक प्रशासन शाखा भन्नाले ईन्द्रावती गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

२. विपद पिडित गाउँपालिकावासीहरुलाई स्वास्थ्य राहत दिने सम्वन्धी व्यवस्थाः

२.१ यस निर्देशिकाको दफा १.४ अनुसारका अनुदानग्राहीहरुलाई एक समयमा भएको विपदका लागि एक पटकमा गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको वैठकको निर्णयानुसार विपदको प्रकृति, अवस्था, र क्षति बमोजिम वर्गिकरण गरि समितिले तोके बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

क. विपद पिडित अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकाकवाट अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ख. विपद पिडित अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकावाट राहत प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

ग. दफा २.१.ख. बमोजिमको कागजातहरु पुरा भएको अवस्थामा गाउँपालिका अध्यक्षवाट राहतका लागि कार्यालयलाई तोक आदेश हुनेछ ।

घ. दफा २.१.ग. बमोजिमको कागजातहरु गाउँपालिका अध्यक्ष समक्ष पेश भए पछि प्राविधिक शाखावाट अनुदानको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

ङ. दफा २.१.३ बमोजिम उपलब्ध गराईएको राहत रकम ईन्द्रावती गाउँ कार्यपालिका बैठकवाट अनुमोदन गराईनेछ ।

## अनुसूची -१
## विपद पिडित राहत माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गाउँपालिका वडा नं........ बस्ने म निवेदक/मेरो....................................................लाई ................विपदवाट ................................क्षति भई हाल......................................जोखिम रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई राहत दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलव्ध हुने राहत पाउन ईन्द्रावती गाउँपालिकाको नाममा सिफारिस पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**
क) विपद पिडितको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ख) वडा मुचुल्का, सर्जमिन, प्रहरी सर्जमिन र सिफारिस ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) पूर्वाधार क्षतिको हकमा प्राविधिको लागत ईष्टिमेत तथा कार्य सम्पन्न प्रतिवेदन ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

**अनुसूची -१**

**विपद पिडित राहत माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन**

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्‌ावती गाउँपालिका वडा नं........ बस्ने म निवेदक/मेरो......................................................लाई ................विपदवाट ...............................क्षति भई हाल.....................................जोखिम रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई राहत दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलब्ध हुने राहत पाउन आवश्यक कागजात सहित निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**

क) विपद पिडितको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ख) वडा मुचुल्का, सर्जमिन, प्रहरी सर्जमिन र सिफारिस ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) पूर्वाधार क्षतिको हकमा प्राविधिको लागत ईष्टिमेत तथा कार्य सम्पन्न प्रतिवेदन ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

# ईन्द्रावती राजपत्र

## सामुदायिक विद्यालयमा करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि २०७५

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

पहिलो संशोधनः २०७७।०७।२३

# सामुदायिक बिद्यालयमा शिक्षक तथा कर्मचारी छनौट परीक्षा संचालन कार्यविधि २०७५

## प्रस्तावना:

स्थानीय सरकार संचालन ऐन, २०७४ र नेपालको संविधानको अनुसूची ८ मा ब्यबस्था भए बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्ने लगाएतका कार्याहरु स्थानीय तहको भएको र इन्द्रावती गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ५४ को उपदफा (१) मा शिक्षक  तथा कर्मचारी छनौट सम्बन्धी विनियम वा कार्यविधि बनाई लागु गर्ने ब्यबस्था अनुरुप यस गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा आबश्यक पर्ने सेवा करार शिक्षक एबम रिक्त रहेका नेपाल सरकारबाट स्वीकृत अस्थाई करार, राहात, बिद्यालय कर्मचारी, बिद्यालय सहयोगी र वालविकास सहजकर्ता समेतका छनौट पद्धतिलाई ब्यबस्थित बनाई विद्यालयको शैक्षिक  गुणस्तर अभिवृद्धि गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम कार्यपालिकाको मिति २०७७ /०७    को बैठकबाट स्वीकृत गरि यो कार्यविधि लागू गरिएको छ |

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "सामुदयिक विद्यालयमा शिक्षक  तथा कर्मचारी छनौट परीक्षा संचालन कार्यविधि २०७५" रहेको छ |

(ख) यो कार्यविधि  गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ |

२. **परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"बिद्यालय" भन्नाले कक्षा वालविकास  कक्षा १-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ |

(ख)"विषय विशेषज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह कक्षा (९-१२) सम्म शिक्षक तथा कर्मचारी छनौट परीक्षा संचालनका लागी यस गाउपालिका स्थित शिक्षा, युवा तथा खेलकुद शाखामा सुचिकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु,कर्मचारी र स्रोतव्यक्तिहरुलाई समेत सम्झनु पर्दछ |

(ग) "गाउँपालिका" भन्नाले ईन्द्रावती गाउँपालिका सिन्धुपाल्चोक सम्झनु पर्दछ |

(घ) "बिद्यालय कर्मचारी" भन्नाले बिद्यालय सहयोगी,बाल विकास सहजकर्ता  बिद्यालय सहायक वा शिक्षक वाहेक बिद्यालयमा नियमित हाजिर भई तलब भत्ता लिने अन्य कर्मचारी बुझ्नु पर्दछ |

(ङ) "समिति" भन्नाले ईन्द्रावती गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ५४ बमोजिम गठित शिक्षक तथा कर्मचारी  छनौट समितिलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

## शिक्षक तथा कर्मचारी छनौट समितिको संरचना

३. **शिक्षक तथा कर्मचारी छनौट समिति :** (१) यस ईन्द्रावती गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयहरुमा रिक्त सेवा करार शिक्षकहरुका लागि गाउँपालिकाले तलब भत्ता उपलब्ध गराउने गरी ऐनको दफा ९५ बमोजिम सिर्जना भएको सेवा करार कोटा वा यस ऐन लागू हुदाँका बखत गाउँपालिकाको स्रोतबाट तलब भत्ता उपलब्ध भएका र नेपाल सरकारबाट स्वीकृत दरबन्दी तथा राहत करार रिक्त पदमा शिक्षक नियुक्ति गर्नका लागी एक शिक्षक तथा कर्मचारी छनौट समिति गठन गरिनेछ :

(क) प्रमूख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) गाउँ शिक्षा समितिले वा शिक्षा शाखाले तोकेको बिषय बिशेषज्ञ एक जना — सदस्य

* (ग) विद्यालय ब्यबस्थापन समितिले तोकेको बिषय बिशेषज्ञ एक जना — सदस्य

(घ) सम्बन्धित बिद्यालयको प्र अ — सदस्य

(ङ) सम्बन्धित बिद्यालयको बिद्यालय ब्यबस्थापन समितिको अध्यक्ष — सदस्य

(च) शिक्षा शाखा प्रमूख — सदस्य-सचिब

(२) उपदफा (१) बमोजिमको समितिले शिक्षक तथा कर्मचारी छनौट गर्दा लिखित, मौखिक वा प्रयोगात्मक वा सबै किसिमको जाँच लिई तोकिएको प्राप्तांक भन्दा बढी ल्याउने उम्मेदवार मध्ये सबैभन्दा बढी अंक ल्याउने उम्मेदवारलाई नियुक्तिका लागी गाउँपालिका समक्ष सिफारिस गर्नु पर्नेछ |

(३) उपदफा (२) बमोजिम सिफारिस भएका उम्मेदवारलाई गाउँ कार्यपालिकाको स्वीकृतिमा प्रमूख प्रशासकीय अधिकृतले शिक्षक खाली रहेको तथा बिषय मिल्ने बिद्यालयमा कामकाज गर्ने गरी नियुक्ति पत्र दिनेछ | त्यसरी नियुक्ति पत्र दिई कामकाज गर्न खटाईएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिरी गराई सो को जानकारी गाउँ कार्यपालिकामा गराउनु पर्नेछ |

(४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ |

(५) उपदफा (१) बमोजिमको समितिले शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने प्रयोजनका उपदफा (३) बमोजिम उत्कृष्ट उम्मेदवार छनौट गर्दा प्रतीक्षा करार सुचिमा रहेको ६ महिना नकटेको उपलब्ध भएमा तथा रिक्त कोटाको बिषय र योग्यता मिल्ने भएमा बिज्ञापन नगरी सोझै नियुक्ति गर्न समितिले गाउँ कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ |

* पहिलो संशोधन बाट संशोधित

## बिषय विशेषज्ञको सूची तयार गर्ने

४. **बिषय बिशेषज्ञको छनौट :** (१) गाउँपालिकाले सेवा करार र नेपाल बाट स्वीकृत दरबन्दीको रिक्त पदमा शिक्षकहरुका छनौटका लागि बिज्ञहरुको सूची छनौट गर्दा प्राथमिक तहको लागी २ बर्ष सम्बन्धित तहमा स्थाई सेवा पुरा गरेका शिक्षक वा माथिलो तहमा कार्यरत स्थाई शिक्षक बाट ,नि मा.बि.तहका लागि २ बर्ष सम्बन्धित तहमा स्थाई सेवा पुरा गरेको सम्बन्धित बिषय शिक्षक वा माथिलो तहमा कार्यरत सम्बन्धित बिषयको स्थाई शिक्षक बाट, माध्यमिक तह तृतीय श्रेणीको लागि माध्यमिक तहमा स्थायी भइ दुइ बर्ष सेवा पुरा भएको सम्बन्धित बिषय शिक्षकबाट बिषय बिशेषज्ञको दरखास्त अव्ह्वान गरी बिषयानुसार विज्ञको सूची गाउँपालिकाले प्रकाशन गर्नेछ |

तर माध्यमिक तह दितीय श्रेणीको रिक्त पदमा शिक्षक नियुक्तिको लागि बिषय बिज्ञ नियुक्त गर्दा माध्यमिक तह दितीय श्रेणीमा कार्यरत रही स्थाई वा अस्थाई सेवा अबधि १ बर्ष पुरा भएको शिक्षकबाट बिषय बिशेषज्ञको दरखास्त अव्ह्वान गरी बिषयानुसार विज्ञको सूची गाउँपालिकाले प्रकाशन गर्नेछ |

(२) उपदफा एक बमोजिम छनौट गरिएका कुनै बिज्ञ उपर चित्त नबुझेमा सुचना प्रकाशित भएको सात दिन भित्र आबश्यक सबुत प्रमाणसहित गाउँ कार्यपालिकाको कार्यालयमा उजुरी गर्न पाइनेछ |

(३) शिक्षक नियुक्तिका लागी आबश्यक बिषयहरुको प्रश्नपत्र निर्माण गर्नका निमित्त शिक्षा समितिले बिषयगत बिशेषज्ञको सुची तयार गर्नेछ |

* (४) दफा (१) बमोजिम तयार पारिएको बिषयगत बिशेषज्ञको सूची २ बर्षको लागि मात्र हुनेछ | प्रत्येक आर्थिक बर्षमा त्यस्ता बिषयगत बिशेषज्ञको नयाँ सूची तोकिए बमोजिम तयार गर्नुपर्नेछ |

(५) शिक्षा समितिले तयार गरेको बिषयगत बिशेषज्ञहरुको सूचीबाट नै तोकिएको ढाचा एबम पाठ्यक्रम अनुसार प्रश्नपत्रको निर्माण गर्नुपर्नेछ |

(६) बिषय बिशेषज्ञ द्वारा निर्मित प्रश्नपत्रलाई शिक्षा अधिकृतले आबश्यकता अनुसार सम्बन्धित बिषयको बिषय बिशेषज्ञ समेत समाबेश गरी परिमार्जन (Moderation) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ | उक्त परिमार्जन (Moderation) गर्दा लाग्ने खर्च गाउँपालिका बाट नियमानुसार ब्यबस्था गरिनेछ |

(७) प्रश्नपत्रको निर्माण गर्दा अत्यन्तै गोपनियताका साथ तयार गर्नु पर्दछ | यसरी तयार गरिएको प्रश्नपत्र गाउँ कार्यापालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ

(८) यस गाउँपालिकामा रहेका शिक्षकका पेशागत संघ/संगठनका प्रतिनिधिलाई राखी आबश्यकता ठानिएमा यस बिषयको सम्बन्धमा आबश्यक सहयोग लिईनेछ |

* पहिलो संशोधन बाट संशोधित

## परिच्छेद ४
## अनुमति तथा बिज्ञापन

**५ अनुमतिः**(१ ) सामुदायिक विद्यालय, अनिवार्य अवकाश, स्वेच्छिक अवका, सरूवा वा अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरवन्दी वा राहत अनुदान कोटामा करारमा शिक्षक नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिले रिक्त भएको कारण जनाई शिक्षक नियुक्तिका लागि अनुमति माग भएमा इन्द्रावती गाउँपालिकामा रहेको विद्यालयगत शिक्षक दरबन्दी तेरिज अनुसार ठिक भएमा १५ पन्ध्र दिनको विज्ञापनको म्याद सहित शिक्षक नियुक्ति सम्बन्धी प्रकृयाहरू उल्लेख गरी बिज्ञापन प्रकाशन गरिनेछ ।

(२ ) अनुमति प्रदान गर्दा आधारभूत तह १-५ मा एक जना पनि महिला शिक्षक नभएको खण्डमा महिला शिक्षक नियुक्ति गर्ने गरी र ३ सम्म दरबन्दी भएमा १ महिला ३ भन्दा माथि दरवन्दी भएमा सोही आधारमा क्रमशः थप महिला शिक्षक नियुक्ति गर्ने गरी र आधारभूत तह ६-८ र माध्यमिक तहका लागि विषयगत रूपमा करारमा शिक्षक नियुक्ति गर्ने गरी बिज्ञापन गरिने छ ।

**६ विज्ञापन सम्बन्धी व्यवस्थाः** (१ ) दफा ५ को उपदफा १ मा व्यवस्था भएको शिक्षक तथा कर्मचारी छनौट सिफारिस समितिले करार शिक्षक /कमचारी नियुक्तिका लागि अनुमति प्राप्त गरे पछि बैठक बसी कम्तिमा १५ दिनको विज्ञापन गर्नु पर्नेछ।

(२ ) विज्ञापन गर्दा इन्द्रावती गाउँपालिका ,सम्बन्धित बिद्यालय ,वार्ड कार्यालय तथा सम्भब भए सम्म स्थानीय पत्रपत्रिका तथा एफ एम मा समेत विज्ञापन सम्बन्धी तोकिएका सर्तहरू खुलाई विज्ञापन गर्नुपर्नेछ।

(३ )दरखास्त प्राप्त भईसके पछि छानबिन गरि रित पुगेका दरखास्त लाइ दर्ता गरि उम्मेरदार लाइ प्रवेश पत्र प्रर्दान गर्नु पर्ने छ|

(४ ) उपदफा (ग )बमोजिम पर्न आएका दरखास्त छानबिन गर्दा रित पुगेको नदेखिय्मा , झुठा विवरण दिएको ,वा परीक्षाको मर्यादा भंग गरेमा त्यस्तो उम्मेरदारको दरखास्त समितिले जुनसुकै बखत रद्द गर्न सक्नेछ|

(५ ) शिक्षक तथा कर्मचारी छनौट सिफारिस समितिले विषयगत प्रकृति हेरी छनौट सम्बन्धी थप आधारहरू समेत राख्न सक्नेछ। तर उम्मेदवार प्रभाव पार्ने वा समिति दायरा र व्यक्ति लक्षित गरी आधारहरू तयार गर्न मिल्ने छैन।

## परिच्छेद ५
## शिक्षक तथा कर्मचारी छनौट प्रक्रिया

७ **शिक्षक तथा कर्मचारी छनौट प्रक्रिया :** (१) शिक्षक छनौट समितिको सचिवालय गाउँ कार्यापालिकाको कार्यालय वा शिक्षक तथा कर्मचारी छनौट समितिले तोकेको स्थानमा हुनेछ|

(२) शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक कर्मचारी छनौटका लागि लिईने लिखित तथा अन्तार्वार्ता परीक्षाको केन्द्र समितिले तोकेको स्थानमा हुनेछ तर प्राबिधिक धारका बिषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परिक्षा सम्बन्धित बिषयको प्रयोगशाला (Lab) भएको स्थानमा राख्नु पर्नेछ |

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ |

(४) सुचिकृत बिषय बिशेषज्ञ कुनै पनि शिक्षक संघ, संगठन वा महासंघको वहालवाला नेतृत्व पदमा कार्यभार सम्हाल्ने गरी कार्यरत रहेमा बिषय बिशेषज्ञको रुपमा मनोनित हुन पाइने छैन |

(५) दरखास्त प्राप्त भै सकेपछी छानबिन गरी रीत पुगेको दरखास्तलाई दर्ता गरी दरखास्त वालालाई प्रवेशपत्र प्रदान गर्नुपर्नेछ | साथै स्वीकृत नामावलीको सूची टास गरी उम्मेदवारलाई लिखित तथा अन्तर्वार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ |

(६) परीक्षाको प्रश्न नेपाल सरकारले तोके बमोजिम शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ | साथै दरखास्त शुल्क पनि शिक्षक सेवा आयोगले तोके भन्दा बढी हुने छैन |

(७) शिक्षक हुनका लागि शिक्षा ऐनमा अध्यायपन अनुमति पत्र चाहिने प्राबधान रहेता पनि सेवा करार शिक्षकको हकमा स्थानीय परिवेशलाई मध्यनजर राख्दै शिक्षक सेवा आयोगले संचालन गरेको अध्यापन अनुमति पत्रको नतिजा प्रकाशन नभए सम्मको लागि सेवा करार शिक्षकमा नियुक्त हुन पाउनेछ र नतिजा पश्चात नियुक्ति हुने सेवा करार शिक्षकलाई पनि अध्यायपन अनुमति पत्र अनिबार्य हुनेछ |

(८) यसरि छनौट हुने शिक्षकको करार पदावधी बढीमा एक बर्षको हुनेछ | कार्यसम्पादनका आधारमा शिक्षा समितिको निर्णयले करार थप गर्न वा नगर्न सक्नेछ | साथै यस प्रकिया बाट नियुक्ति गरिएका शिक्षकको कार्यरत बियालयमा स्थायी शिक्षकको ब्यबस्था भएमा वा सेवा करार शिक्षकको आबश्यकता नदेखिएमा निजसँगको करार नबिकरण वा सेवा करार भंग गर्न सकिनेछ वा निजलाई शिक्षक आबश्यक भएको बिद्यालयमा सेवा करार अबधी थप गरी खटाउन सकिनेछ |

## परिच्छेद ६

## परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी ब्यबस्था

८ **परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी ब्यबस्था :** (१) शिक्षक तथा कर्मचारी छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र परीक्षा संचालन गर्नेछ |

(२) समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क शिक्षक सेवा आयोगले तोके बमोजिम बमोजिम हुनेछ अन्तर्वार्ता २५ र आबश्याकतानुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ | परीक्षाको उतिर्ण अंक ४०% हुनेछ |

(३) गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतको जिम्मामा रहेको सिल्बन्धी प्रश्नपत्र बैंकबाट शिक्षा शाखा प्रमूखको रोहबरमा समितिको अध्यक्षले १ घण्टा अगाडी सिलबन्दी खाम खोलि प्रश्नपत्र वितरण गर्नु पर्नेछ |

(४) प्रश्नपत्र अधिकृत स्तरको प्रतिनिधिको रोहवरमा गोप्य रुपमा फोटोकापी गरी परीक्षा संचालन गर्नु पर्नेछ |

(५) गाउँपालिकाको बिद्यालय निरीक्षकको रोहबरमा सम्बन्धीत परीक्षा केन्द्रको हात भित्र सम्बन्धीत बिषय बिशेषज्ञ द्वारा उत्तर पुस्तिका परीक्षण गराइनेछ |

(६) अन्तरबार्ता बापत जम्मा २५ अंक देहाय बमोजिम दिइनेछ |

१ ) अनुभब बापत सोहि तहमा अस्थाई राहत, करार अनुदान अन्तर्गतको शिक्षक को रुपमा कम गरे बापत प्रत्येक बर्षको शुन्य दसमलब पाँच अंकक दरले बढीमा ५ अंक |

२ )शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन अंक दीतीय श्रेणी भए २ अंक र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको लागि प्रथम श्रेणी भए २ अंक र दितीय श्रेणी भए १ अंक |

३ ) अन्तरबार्ता बापत बढीमा १५ अंक तर अन्तरबार्ताको अंक दिदा कुनै उम्मेरदारलाइ ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पस्ट कारण खुलाउने गर्नु पर्छ |

(७) शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस भएको उम्मेदवारहरूको योग्यताक्रम प्राप्ताङकको आधारमा प्रकाशन गरिनेछ र अन्तिम नतिजाको सूची प्रकाशन गर्दा नियुक्तिका लागि सिफारिस उम्मेदवार र कम्तिमा १ जना बैकल्पिक उम्मेदवारको सिफारिस गरिनेछ ।

(८) शिक्षक तथा कर्मचारी छनौट परीक्षा संचालन अबधि भर परिक्षा केन्द्रमा आधिकारिक कर्मचारी बाहेक लाइ निषेध गरिने छ |

(९ ) परिक्षा संचालन तथा उत्तर पुस्तिका परिक्षण र अन्तरबार्ता संचालन तथा नतिजा प्रकाशन अबधि भर समितिका सदस्यहरुको मोबाइल फोन सदस्य सचिबको जिम्मा स्विच अफ गरि राखिने छ |

(१० ) बिषयको प्रकृति हेरी आबश्यक ठानेमा समितिले प्रोगात्मक परीक्षा लिनेछ | तर लिखित परीक्षा अगाडी वा अन्तर्वार्ता पछी प्रयोगात्मक परीक्षा लिन पाइने छैन |

(११ ) लिखित र आश्यकता अनुसार प्रयोगात्मक परीक्षा लिईसकेपछी उतिर्ण सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार मध्ये बाट देहायको अनुपातमा उतिर्ण उम्मेदवार थप गरी अन्तर्वार्ताको लागी उम्मेदवारको नाम वर्णनुक्रम अनुसार प्रकाशित गरिनेछ |

| **रिक्त पद संख्या** | **थप हुने संख्या** |
|---|---|
| (क) १ देखि ५ | २ |
| (ख) ६ देखि १० | ३ |
| (ग) ११ देखि १५ | ४ |
| (घ) १६ देखि २० | ५ |
| (ङ) २१ देखि २५ | ६ |
| (च) २६ देखि ३० | ७ |
| (छ) ३१ देखि ३५ | ८ |
| (ज) ३६ देखि ४० | ९ |
| (झ) ४१ देखि सो भन्दा माथि | १० |

(१२ ) उतिर्ण अंक प्राप्त गर्ने उम्मेदवार आबश्यक संख्यामा नभएमा जतिजनाले उतिर्ण अंक प्राप्त गरेका छन् तेति नै उम्मेदवारको नाम योग्यताक्रम सुची (Merit List) मा राखी प्रकाशन गरिनेछ |

(१३ ) शिक्षक तथा कर्मचारी छनौट समितिले लिखित (आबश्यकता अनुसार प्रयोगात्मक परीक्षा) र अन्तर्वार्ता परीक्षाबाट सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ | यसरी परिणाम प्रकाशन गर्दा दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम बैकल्पिक सुचिमा राख्नु पर्नेछ |

(१४ ) शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई प्रमूख प्रशासकीय अधिकृतले नियुक्ति गरी बिद्यालय पठाईनेछ र हाजिर गराईएको जानकारी विद्यालयले गाउँपालिकाको शिक्षा शाखामा दिनु पर्नेछ |

(१५ ) तपसिल बमोजिमको अवस्थामा शिक्षा समितिले बैकल्पिक सुचिमा रहेका उम्मेदवारलाई नियुक्त गर्न सक्नेछ :

(क) सिफारीस गरेको उम्मेदवारले तिस दिन भित्र नियुक्ति नलिएमा

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले पन्ध्र दिन भित्र हाजिर नभएमा

तर शिक्षक तथा कर्मचारी छनौट समितिले सिफारिस गरेको छ महिना नाघेपछि कुनै पनि बैकल्पिक उम्मेदवारलाई शिक्षा समितिले नियुक्त गर्न सक्ने छैन |

(१६ ) शिक्षक तथा कर्मचारी छनौट समितिका पदाधिकारी वा बिषय बिज्ञ र उम्मेदवारका बीच कानुनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन |

(१७ ) समितिका पदाधिकारी वा बिषय बिज्ञले प्रति बैठक बापत रु १५०० (रु एक हजार पाँच सय मात्र) भन्दा बढी पारिश्रमिक लिन पाइने छैन | साथै यसरि कामका सन्दर्भमा ३ पटक भन्दा बढी बैठक बस्न पाइने छैन | तर प्रश्न पत्र निर्माण र उत्तरपुस्तिका परीक्षण बापत आधारभूत (१-८) र माध्यमिक (९-१२) को हकमा क्रमशः रु २,५००(रु दुइ हजार पाँच सय) र रु ३,००० (रु तिन हजार मात्र) प्रति बिज्ञ अतिरिक्त पारीश्रमिक दिन सकिनेछ |

## परिच्छेद ७

## सेवा करारमा शिक्षक नियुक्ति सम्बन्धी ब्यबस्था

९ **करारमा शिक्षक ,कर्मचारी नियुक्ति :** (१) गाउँपालिका भित्र संचालित सामुदायिक बिद्यालयहरुमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अस्थायी करार राहत र सेवा करार कोटा तोकिएबमोजिम रिक्त रहेका शिक्षकहरुको नियुक्ति गर्नका लागी इन्द्रावती गाउँपालिका शिक्षा शाखाले उक्त रिक्त शिक्षक तथा कर्मचारीहरुको सम्पूर्ण विवरण तयार गरी गाउँपालिका शिक्षा समिति समक्ष पेश गर्नेछ |

(२) गाउँपालिकाले आबश्यक शिक्षक तथा कर्मचारी पूर्तिका लागि बिज्ञापन अव्हान गर्नेछ र छनौट हुने सबै तहका शिक्षक ,कर्मचारीकहरुको पदावधी बढीमा एक बर्षको कायम गर्नेछ | साथै कार्यसम्पादनको आधारमा शिक्षा समितिको निर्णयले करार थप गर्न वा नगर्न सक्नेछ | यस प्रकियाबाट करारमा नियुक्त गरिएका शिक्षक,कर्मचारीको कार्यरत दरबन्दीमा स्थायी शिक्षक,कर्मचारीको ब्यबस्था भई आएमा निजसंगको करार भंग भएको मानिनेछ |

(३) यस कार्यविधि बमोजिमको प्रक्रिया नपुरयाई नियुक्त भएका शिक्षकहरुको कुनै पनि तलब भत्ताको व्यय भार गाउँपालिकाले व्यहोर्ने छैन |

# परिच्छेद ८
# बिबिध

१० **थपघट वा हेरफेर :** (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पस्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आबश्यकता अनुसार व्याख्या, थपघट र संसोधन वा हेरफेर गर्न सक्नेछ | साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा ईन्द्रावती गाउँपालिका शिक्षा ऐन २०७५ र शिक्षक सेवा आयोगको नियमावलीमा भएको ब्यबस्था अनुसार हुनेछ |

(२) यस कार्यविधिको पालना भए नभएकात्र अनुगमन गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष बाट हुनेछ।

११ **खारेजी र बचाऊ :** (१) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्राबधान प्रचलित ऐन, कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ |

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ |